प्रदेश सरकार
प्रदेश नं. १, नेपाल
उद्योग, पर्यटन वन तथा वातावरण मन्त्रालय
वन निर्देशनालय

# डिभिजन वन कार्यालय

भोजपुर

कार्यालय फोन नं. : ०२९-४२०१३४
निवास फोन नं. : ०२९-४२०४१५
इमेल : dfobhojpur134@gmail.com

पत्र संख्याः ०७७/७८

चलानी नं: २४६०

मितिः २०७७/१२/०६

**विषयः सूचना टाँस गरी जानकारी पठाइदिने ।**

श्री भोजपुर नगरपालिका, षडानन्द नगरपालिका, साल्पासिलिछो गाउँपालिका, अरुण गाउँपालिका, पौवादुङमा गाउँपालिका, टेम्केमैयुङ गाउँपालिका, रामप्रसादराई गाउँपालिका, हतुवागढी गाउँपालिका र आमचोक गाउँपालिका, भोजपुर ।

यस कार्यालयको मिति २०७७।१२।०६ को जडिबुटी सम्बन्धी सञ्चालन/कार्यान्वन्यनको लागि प्रस्ताव आव्हान सम्बन्धी १५ दिने सार्वजनिक सूचना पाना २ (दुई) यसै पत्र साथ संलग्न राखी पठाइएको छ । सो सूचना तहाँ कार्यालयको सूचना पाटीमा टाँस गरी यस कार्यालयमा जानकारी पठाइदिनुहुन अनुरोध छ ।

२०७७/१२/०६

श्री नारायण राय यादव
सहायक वन अधिकृत
अधिकृत स्तर आठौं

प्रदेश सरकार
१ नं प्रदेश, नेपाल
उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
वन निर्देशनालय

# डिभिजन वन कार्यालय, भोजपुर

## जडिवुटि सम्वन्धि कार्यक्रमहरु सञ्चालन/कार्यान्वयनको लागि प्रस्ताव आव्हान सम्वन्धि १५ दिने सार्वजनिक सूचना

**(प्रथम पटक प्रकाशित मिति : २०७७/१२/०६)**

यस कार्यालयको चालु आ.व. २०७७/०७८ को **उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय (संघीय सशर्त अनुदान)** तर्फको स्वीकृत वार्षिक कार्यक्रम कार्यान्वयन गर्न डिभिजन वन कार्यालय, भोजपुरको कार्यक्षेत्र भित्र निम्न क्रियाकलापहरु संचालन गर्नुपर्ने भएकोले कार्यक्रम सञ्चालन गर्न ईच्छुक व्यवसायी, उद्यमी, सहकारी, सामुदायिक वन उपभोक्ता समुह / कबुलियती वन समुह वा जडिबुटी तथा गैरकाष्ठ व्यसायमा संलग्न किसान लगायतका सरोकारवालाहरुले उल्लेखित क्रियाकलापहरु तपसिलमा उल्लेख भए बमोजिमको लगानी गर्ने गरी यो सूचना प्रकाशित भएको मितिले १५ **(पन्ध्र) दिन भित्र** यस कार्यालयमा कार्यालय समयभित्र प्रस्तावकको नाम र ठेगाना, संस्था दर्ता प्रमाणपत्र, संस्थाको मुल्य अभिवृद्धि कर तथा आयकर दर्ता प्रमाणपत्र, आ.व.०७६।७७ सम्मको करचुक्ता सम्बन्धी कागजात, गैसस वा सहकारीको हकमा संस्थाको स्वीकृत विधान समेत संलग्न राखी प्रत्येक कार्यक्रमका लागि छुट्टाछुट्टै व्यवसायिक योजना सहितको शिलवन्दी गरिएको प्राविधिक तथा आर्थिक प्रस्ताव पेश गर्न हुन यो सूचना प्रकाशित गरिएको छ। सो सम्बन्धी विस्तृत विवरण यस कार्यालयको सूचना पाटीमा समेत टाँस गरिएको छ। थप जानकारीका लागि कार्यालयमा सम्पर्क राख्न हुन अनुरोध छ।

तपसिल

| क्र.सं. | क्रियाकलाप | इकाइ | परिमाण | क्षेत्र | साझेदारीको लगानी | विनियोजित रकम रु हजारमा |
|---|---|---|---|---|---|---|
| ११.४.१७.१६९ | पकेट क्षेत्रमा जडीवुटी खेति विस्तार (अन्य) | पटक | १ | हुतवागढी, आमचोक, टेंम्के मैयूङ र भोजपुर न.पा. क्षेत्र | कम्तीमा २० प्रतिशत | ३०० |
| २.७.२५.६८ | पकेट क्षेत्रमा जडीवुटी उत्पादन, खेती विस्तार, भण्डारण (अन्य) | पटक | १ | टेंम्के मैयुङ १ र भोजपुर १, २, ३ | ,, ,, | ७५० |
| २.७.२३.४ | सहकारी मार्फत जडिबुटीको उत्पादन, खेती विस्तार भण्डारण, प्रशोधन र बजारीकरण (संस्था / समितिलाई अनुदान) | संख्या | २ | जिल्लाभरी | कम्तीमा ५० प्रतिशत | ३००० |

**प्रस्ताव साथ संलग्न गर्नु पर्ने कागजातहरु**

क) शिलवन्दी प्रस्तावको बाहिरी खाममा नै क्रियाकलापको नाम उल्लेख गर्नुपर्नेछ।

ख) शिलवन्दी प्रस्ताव डिभिजन वन कार्यालय, भोजपुरमा तोकिएको म्यादभित्र दाखिला गर्नुपर्नेछ। दाखिला गर्दा निम्न बमोजिमका कागजातहरु पेश गर्नुपर्नेछ।

- निवेदन पत्र
- प्रस्ताव/योजना पेश गर्ने संस्थाको नाम र ठेगाना, सम्पर्क व्यक्ति र ठेगाना मोवाइल नम्बर समेत
- संस्था दर्ता प्रमाणपत्र, मुल्य अभिवृद्धि कर तथा आयकर दर्ता स्थायी लेखा नं.प्रमाणपत्र, गैसस वा सहकारीको हकमा संस्थाको स्वीकृत विधान
- सम्बन्धित स्थानीय तहको सिफारिस पत्र
- प्रस्ताव/योजना पेश गर्ने संस्थाको उद्यम स्थापना तथा संचालन गर्न सक्ने आर्थिक, प्राविधिक हैसियत
- प्रस्ताव स्थापना तथा संचालन गर्न आवाश्यक भौतिक संरचना, मेशिनरी औजार, कच्चा पदार्थको उपलब्धता सम्वन्धि विवरणहरु
- गैरकाष्ठ वन पैदावारमा आधारित उद्यमको हकमा उत्पादन र भण्डारण क्षमता

प्रदेश सरकार
१ नं प्रदेश, नेपाल
उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
वन निर्देशनालय

# डिभिजन वन कार्यालय, भोजपुर

- प्रस्ताव/योजनाको स्थापना तथा संचालनका लागि आवश्यक जग्गा तथा भौतिक संरचनाको नक्सा तथा मेशिन उपकरणहरुको स्पेशिफिकेसन
- नेपाल सरकार/प्रदेश सरकार/स्थानिय तहवाट स्वीकृती प्राप्त प्राविधिकले गरेको लागत ईष्टीमेट तथा डिजाईन
- प्रस्तावित उद्योग/खेतिको विस्तृत विवरण
- प्रस्तावको स्थापना तथा संचालन विधि
- प्रस्ताव/योजनाको स्थापना तथा संचालन अवधिको खर्च तथा आम्दानीको प्रक्षेपण
- स्थापना तथा संचालन सम्वन्धि संस्थागत व्यवस्था
- प्रस्ताव/योजना स्थापना तथा संचालनवाट लाभान्वित उपभोक्ताहरु र यसवाट सिर्जना हुने रोजगारी
- प्रस्ताव/योजना स्थापना तथा संचालन हुंदा नेपाल सरकार/प्रदेश सरकार/स्थानिय तहलाई प्राप्त हुने रोयल्टी
- लगानीका सम्भाव्य स्रोत सम्बन्धी विवरण
- बीमा सम्बन्धी व्यवस्था
- प्रस्तावित योजनामा उपयोग हुने कच्चा पदार्थ (जडिवुटी तथा गैरकाष्ठ प्रजाती) को परिमाण तथा प्राप्त हुने संभावित क्षेत्र/जिल्लाहरु

ग) वैदेशिक रोजगारबाट फर्किएको युवाबाट पेश हुन आएको प्रस्तावलाई विशेष प्राथमिकता दिईनेछ ।
घ) नयाँ तथा नवीनतम प्रविधिको प्रयोग गरी स्थापना हुने प्रस्ताव / योजनालाई विशेष प्राथमिकता दिईनेछ ।
ङ) प्रस्तावकको लगानी र स्थानीय रोजगारी सिर्जना बढी गर्ने प्रस्ताव / योजनालाई विशेष प्राथमिकता दिईनेछ ।
च) अन्य कुराको हकमा प्रचलित कानून (ऐन,नियम, निर्देशिका र कार्यविधि) बमोजिम हुनेछ ।

**डिभिजन वन कार्यालय, भोजपुर**
**फोन नं.** ०२९ ५२०१३५, ९८५२०५२७३४
**इमेल :** dfobhojpur124@gmail.com
**वेभसाइट :** dfobhojpur.gov.np